प्रदेश सरकार
प्रदेश नं. ५
# सामाजिक विकास मन्त्रालय
बुटवल, नेपाल

पत्र सख्या : ०७६/७७
चलानी नं.:

मितिः २०७६।०८।११

**स्वयंसेवक पदका लागि दरखास्त फाराम भर्ने सम्बन्धी सूचना ।**

प्रथम पटक सूचना प्रकाशन मिति २०७६।०८।११

यस मन्त्रालयको राष्ट्रिय विकास स्वयंसेवक सेवा कार्यक्रम अन्तर्गत निम्न पदहरुमा पदपूर्ति गर्नुपर्ने भएकाले देहायबमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट स्वयंसेवक परिचालन कार्यकारी समितिको मिति २०७६।०८।११ को निर्णय अनुसार दरखास्त आव्हान गरिएको छ ।

**विज्ञापन नं:** ०२/०७६-७७

**माग पद र संख्याः** सिभिल इन्जिनियर १(एक) र आर्किटेक्ट इन्जिनियर १(एक)

**आवश्यक न्यूनतम योग्यताः** मान्यता प्राप्त शैक्षिक संस्थाबाट सिभिल इन्जिनियर पदको हकमा सिभिल इन्जिनियरिङ विषयमा स्नातक वा सो सरह र आर्किटेक्ट इन्जिनियर पदको हकमा आर्किटेक्ट इन्जिनियरिङ विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको, नेपाल इन्जिनियरिङ काउन्सिलमा दर्ता भएको, प्रचलित कानुनबमोजिम सरकारी सेवाका लागि अयोग्य नठहरिएको नेपाली नागरिक हुनुपर्ने छ ।

**दरखास्त दिने अन्तिम मितिः** २०७६।०८।२५ गते कार्यालय समय भित्र यस मन्त्रालयमा उम्मेदवार स्वयं उपस्थित भई निर्धारित आवेदन फाराम भरी बुझाउनु पर्नेछ ।

**परीक्षाको किसिम र आधारः** न्यूनतम शैक्षिक योग्यता वापत ६० र अन्तर्वार्ता वापत ४० अंक हुनेछ । छोटो सूचीमा परेका उम्मेदवार मात्र अन्तर्वार्तामा सहभागी हुन पाउने छन् ।

**मासिक निर्वाह भत्ताः** २५०००।-

**आवेदन फारामको साथमा पेश गर्नुपर्ने कागजातः** नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, नेपाल इन्जिनियरिङ काउन्सिलमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी, तोकिएको न्यूनतम तथा सो भन्दा मुनिका शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपी र समकक्षता आवश्यक पर्नेमा सोको प्रमाणपत्रको प्रतिलिपी ।

विष्णु प्रसाद पन्थी
शाखा अधिकृत